बिष्णुपुर गाउँपालिका
Bishnupur Rural Municipality

# गाउँ कार्यपालिकाको कार्यालय

Office Of The Rural Municipality Executive
बिष्णुपुर, सप्तरी
Bishnupur, Saptari
मधेश प्रदेश, नेपाल
Madhesh Province, Nepal

पत्र संख्या (Letter No.) : २०८३/२०८४
चलानी नं. (Ref. No.) : ६५

मिति :- २०८३/०४/२६ गते

बिषय :- <u>औषधि उपचार वापत खर्च पाउन नबिकरण तथा आवेदन फारम भर्ने सम्बन्धि सुचना</u> ।

श्री सम्पूर्ण सरोकारवालाहरु ,
विष्णुपुर गाउँपालिका ,
विष्णुपुर ,सप्तरी

प्रस्तुत बिषयमा स्वास्थ्य तथा जनसंख्या मन्त्रालय,रामशाहपथ ,काठमाण्डौवाट स्वीकृत कार्यक्रम अनुसार मृगौला प्रत्यारोपण गरेका,डायलाइसिस गराईरहेका ,क्यान्सर रोगि र मेरुदण्ड पक्षाघात बिरामीहरुलाई औषधि उपचार वापतको खर्च उपलब्ध गराउने सम्बन्धि कार्यविधि २०७८ , बमोजिम मासिक रु ५,०००।-(अक्षरेपी पाँच हजार मात्र) उपलब्ध गराउने भनि भएको व्यवस्था बमोजिम तपसिल अनुसारको कागजातहरु सहित निबेदन पेश गर्नुहुन सम्बन्धित सबैमा जानकारीको लागि यो सूचना प्रकाशन गरिएको छ ।

<u>तपसिल</u> ।

| नवीकरण तथा आवेदनमा संग्लन गर्नुपर्ने कागजातहरु :- | उपचार खर्च उपलब्ध नहुने अवस्थाहरु |
|---|---|
| १. रास्ट्रिय परिचय -पत्र तथा नागरिकता प्रमाण -पत्रको प्रतिलिपि।<br>२.नावालकको हकमा जन्मदर्ताको प्रतिलिपि र निजको आमा वा बुवाको नागरिकताको प्रतिलिपि ।<br>३.अनुसूची -१ वमोजिमको ढाँचामा चिकित्सकको सिफारिस -पत्र ।<br>४.मेरुदण्ड पक्षाघातको हकमा अपांगता सम्बन्धि प्राप्त गरेको रातो वा निलो कार्डको प्रतिलिपि ।<br>५.अनुसूची -२ वमोजिम लाभग्राहीको निवेदनको साथ् सम्बन्धित वडा कार्यालयको सिफारिश -पत्र ।<br>६.सम्बन्धित लाभग्राहीको पान कार्डको प्रतिलिपि।<br>७. सम्बन्धित लाभग्राहीको बैंक खाताको चेकको प्रतिलिपि।<br>८.साबिकको लाभग्राहीहरुले भदौ मसान्तभित्र सम्बन्धित वडा कार्यालयमा नवीकरणको लागि हालसालै डा. लाई चेक जांच गराईएको फलोअप रिपोर्ट, अनुसूची -१,ना.प्र.पत्र को प्रतिलिपि सहित सम्पूर्ण कागजात पेश गरि नवीकरण गराउनु हुन । | १ नेपाल सरकारको पूर्ण वा आंशिक स्वामित्व भएको संघ संस्थावाट पेन्सन प्राप्त गरिरहेका व्यक्तिहरु।<br>२ नेपाल सरकारवाट उपलब्ध गराउदै आएको बिभिन्न सामाजिक सुरक्षा भता पाईरहेका व्यक्तिहरु । |

बोधार्थ :
श्री वडा कार्यालय (सबै ), विष्णुपुर गाउँपालिका सप्तरी.
कार्यविधि बमोजिम सम्बन्धित सवैको सुची तयार गरि पठाउनु हुन ।

२०८३/०४/२६
प्रमुख प्रशासकीय अधिकृत
प्रमुख प्रशासकीय अधिकृत

Website: bishnupurmunsaptari.gov.np
E-mail:bishnupursaptari@gmail.com